फोन नं.: ०८२-५२०२३३
दमकल ५२०३०५
५२०३२६
५२२०३६

# तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### तुलसीपुर, दाङ
### ५ नं.प्रदेश, नेपाल

मिति : २०७५/१०/२९

पत्रसङ्ख्या :-

चलानी नं. :-

प्रथम पटक सूचना प्रकाशित मिति २०७५/११/०१ गते

विषय : **औषधी खरिद सम्वन्धि शिलवन्दी दरभाउ पत्र आहवान सम्बन्धि सुचना ।**

**तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय** अन्तर्गतका स्वास्थ्य संस्थाहरुका लागि आवश्यक पर्ने औषधी तथा उपचार जन्य सामाग्रीहरु शिलवन्दि दरभाउ पत्रद्वारा खरिद गर्नु परेको हुदा योग्यता पुगेका इच्छुक इजाजत प्राप्त फ़र्म/कम्पनी/सप्लायर्स/व्यवसायिकहरुबाट निम्न शर्तको अधिनमा रहि शिलवन्दी दरभाउ पत्र पेश गर्नको लागि यो सुचना प्रकाशित गरिएको छ ।

शर्तहरु :

१.प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म दरभाउपत्र कार्यालय समय भित्र रु.१०००।- फिर्ता नहुने गरी तिरी औषधी व्यवसायी प्रमाण पत्र, नविकरण प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र, स्थायी लेखा प्रमाण पत्र तथा आ.व ०७४।०७५ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न राखि रु.१० को टिकट टाँसी निवेदन पेश गरि **तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय** बाट खरिद गर्न सकिने छ ।

२. बिक्रि भईसकेका शिलवन्दि दरभाउ पत्र १६ औं दिनको १२.०० बजेसम्म दर्ता गराई सक्नुपर्ने छ र सोही दिनको २.०० बजे दर्ता हुन आएका प्रस्तावहरु कार्यालय प्रतिनिधिहरु र दरभाउपत्रदाताहरुको रोहवरमा खोलिने छ । दरभाउपत्रदाताहरु वा प्रतिनिधि नभएमा पनि शिलवर्नद दरभाउ पत्र खोल्न बाधा पर्ने छैन । शिलवन्दि दरभाउ पत्र साथ आफुले शिलवन्दि दरभाउ पत्रमा कबोल गरेको रकमको २.५ प्रतिशतले हुन आउने धरौटी रकम तुलसीपुर उपमहानगरपालिकाको नाममा रहेको बैंक धरौटी खाता नं ४१६०३०३००७१०१ राष्ट्रिय वाणिज्य बैंक तुलसीपुरमा जम्मा गरेको बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकको सो बराबरको शिलवन्दि दरभाउ पत्र खोलिने अन्तिम मितिले १२० दिन म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्ने छ ।

३. शिलवन्दि दरभाउ पत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन विदा परेमा उक्त कार्यहरु कार्यालय खुलेको दिन हुनेछ ।

४. एक फर्मको नाममा खरिद गरेको शिलवन्दि दरभाउ पत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

५. शिलवन्दि दरभाउ पत्र कबोल गरेको दररेट अंक र अक्षर दुबैमा प्रष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउंमा सही छाप गरेको हुनुपर्नेछ ।

६. औषधी खरिद गर्दा WHO GMP Certified Company बाट उत्पादित औषधी मात्र खरिद गरिनेछ । उक्त कम्पनीहरुको औषधी औषधीव्यवस्था बिभागबाट इंजाजत नवीकरण पेश भएको कागजात समेत पेश गनुपर्ने छ । बोतलमा सप्लाई हुने औषधीहरु प्लास्टिक बोतलमा र चक्कीहरु स्ट्रिपमा हुनुपर्नेछ । सप्लाई हुने औषधीहरुको प्रत्येक प्याकिङको बाहिर र बोतल, चक्कीहरुको स्ट्रिपमा उत्पादन मिति, म्याद गुज्रने मिति, ब्याच नं. तथा Supply for Ministry of Health and Population Nepal (यो औषधी/सामान बिक्रीको लागि होइन) भन्ने बाक्यांस लेखिएको हुनुपर्नेछ ।

७. औषधी दाखिला हुन आउदा सम्म औषधीको म्याद कम्तीमा १८ महिना बांकी हुनुपर्नेछ ।

८. शिलवन्दि दरभाउ पत्रमा माग गरिएको परिमाण थपघट गर्ने, शिलवन्दि दरभाउ पत्र स्वीकृति गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृति गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१० शिलवन्दि दरभाउ पत्र फारममा प्रत्येक औषधीको आइटम वाइज उत्पादक कम्पनीको नाम WHO GMP Certified Company अनिवार्य रुपले भर्नुपर्नेछ । सोही अनुसारको प्रत्येक औषधीको नमूना समेत अनिवार्य रुपले छुट्टै शिलबन्दी गरी विवरण सहित पेश गर्नुपर्नेछ । साथै औषधि बिकि बितरण दर्ता प्रमाणपत्र, उत्पादन अनुज्ञापत्र, बिदेशी औषधीहरुको हकमा Letter of Recommendation For Import of Drugs आदि प्रमाणहरु पनि पेश गरेको हुनुपर्ने छ । यसरी सम्पुर्ण आइटमहरुको नमूना पेश नभएको फर्मको शिलवन्दि दरभाउ पत्र मूल्यांकन प्रक्रियामा समावेश गरिने छैन ।

११.शिलवन्दि दरभाउ पत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, आफ्नो स्वार्थ नबाझिएको पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा स्वंय घोषणा गरेको पत्र पेश गर्नुपर्नेछ ।

१२.दरभाउपत्रदाताले दरभाउपत्रका साथ पेश गर्ने प्रमाणपत्र तथा आवश्यक सम्पूर्ण कागजातका प्रतिलिपिहरु नेपाल नोटरी पब्लिक परिषद्बाट मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रमाणित गरिएको पेश गर्नुपर्नेछ । नोटरी पब्लिकबाट प्रमाणित नगरिएका प्रतिलिपिहरु अमान्य मानिने छन् ।

१४ यस सूचनामा छुट हुन गएको अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संशोधन समेत) र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन नियमानुसार हुनेछ ।

| सि.न. | शिलवन्दि दरभाउ पत्र नं | कामको विवरण | अनुमानित ल.ई (भ्याट समेत) रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|
| १ | ०२/स्वास्थ्य | औषधि तथा उपचार जन्य सामाग्री खरिद | १५,००,०००। | ३७,५००। |

आनन्द सारु
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत